# वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२

**पहिलो संशोधन मिति : २०७३।०९।२०**
**दोस्रो संशोधन मिति : २०७५।१२।१२**
**तेस्रो संशोधन मिति : २०७९।०५।२६**
**चौथो संशोधन मिति : २०८०।०६।१४**
**पाँचौ संशोधन मिति : २०८०।०८।१४**
**छैटौ संशोधन मिति : २०८१।१२।०८**
**सातौ संशोधन मिति : २०८२।०२।२३**

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाको सूचीकरण, नवीकरण र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यलाई प्रभावकारी, पारदर्शी, नियमित र व्यवस्थित गरी स्वास्थ्य परीक्षणको गुणस्तरमा सुनिश्चितता प्रदान गरी उनीहरुको हकहितको संरक्षण तथा प्रबर्द्धन गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनुपर्छ।

•(ग) "स्वास्थ्य संस्था" भन्नाले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतबाट सञ्चालन स्वीकृत प्राप्त र यस मन्त्रालयबाट सूचीकृत स्वास्थ्य संस्था सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

---

• तेस्रो संशोधनद्वारा संशोधित।

(ङ) "विशेषज्ञ समिति" भन्नाले नियमावलीको नियम ४६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(च) "सचिवालय" भन्नाले नियमावलीको नियम ४६ को उपनियम (६) बमोजिमको विशेषज्ञ समितिको सचिवालय सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट सञ्चालन स्वीकृति प्राप्त स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ज) "सार्वजनिकीकरण" भन्नाले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरिनु सम्झनु पर्छ। सो शब्दले मन्त्रालय वा विभागको वेभसाइटमा सूचना प्रकाशित गरिनु समेतलाई जनाउनेछ।

## परिच्छेद-२
## सूचीकरण र नवीकरण सम्बन्धी व्यवस्था

३. **सूचीकरणका लागि निवेदन माग गर्न सक्ने** : (१) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न चाहने नेपाल सरकारबाट स्वीकृति प्राप्त संस्थाले मन्त्रालयमा सूचीकृत भै नवीकरण भएको हुन पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकरण नगरी वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गरेको पाइएमा त्यस्तो संस्था, त्यसका सञ्चालक, कर्मचारी र अन्य सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ।

(३) उपदफा (१) बमोजिम सूचीकृत हुनको लागि यो कार्यविधि लागू भएपछि मितिले प्रत्येक दुई वर्षमा दश दिनको समय दिई सार्वजनिक सूचना मार्फत निवेदन माग गर्न सक्नेछ।

+(३क) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न इच्छुक स्वास्थ्य संस्थाले नयाँ सूचीकरण हुन यस मन्त्रालयमा निवेदन दिने समयसम्म कम्तीमा तीन हजार जना बिरामी परीक्षण गरेको र छ महिनासम्म सञ्चालन भएको हुनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन दिन चाहने संस्थाले निवेदन साथ नोटरी पब्लिकबाट प्रमाणित भएका देहायका कागजात र विवरण खुलाई सचिवालयमा पेश गर्नु पर्नेछः-

(क) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट प्राप्त सञ्चालन स्वीकृति प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि,

---

+ तेस्रो संशोधनद्वारा थप।

(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) संस्थाको नाम, ठेगाना, इमेल, फोन नं, तथा सञ्चालकको नाम, थर सहितको मोबाइल नम्बर खुलेको पत्र,

(झ) जनशक्तिको विवरण (प्याथोलोजिष्ट, नर्स, रेडियोलोजिष्ट, जनरल मेडिकल डाक्टर समेत अन्य कर्मचारी)

(ञ) घर भाडामा लिई संस्था सञ्चालन गरिएको भए कम्तिमा दुई वर्षका लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(ट) अनुसूची -१ मा उल्लेखित मापदण्ड पुरा गरिएको छ भन्ने संस्थाले स्वयम् घोषणा गरेको पत्र, र

(५) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र अनुसूची -१ बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्नका लागि विशेषज्ञ समिति समक्ष पठाइनेछ।

(६) विशेषज्ञ समितिले मनासिव माफिकको समयभित्र आवश्यक जाँचबुझ गरी मापदण्ड पुरा गरेका संस्थालाई सूचीकृत गर्नका लागि मन्त्रलाय समक्ष सिफारिस गर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस प्राप्त भएको पन्ध्र दिनभित्र मन्त्रालयले यस कार्यविधि बमोजिम रीत पुगेका संस्थालाई सूचीकरण शुल्क बापत रु. २५,००० (पच्चिस हजार) नेपाल सरकारको राजश्व खातामा जम्मा गरेको भौचर पेश गर्न लगाई सूचीकरण गरी अनुसूची -२ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ।

(८) सचिवालयले उपदफा (७) बमोजिम सूचीकरण भएका संस्थाको नामावलीसहितको विवरण सार्वजनिकीकरण गर्नेछ।

(९) सचिवालयले यस कार्यविधि बमोजिम सूचिकृत हुन नसकेका सस्थाको सूचिकृत हुन नसकेको कारण सहितको विवरण सार्वजिनिकीकरण गर्नेछ।

(१०) स्वास्थ्य संस्था जुनसुकै मितिमा सूचिकृत भएको भएता पनि सो आर्थिक वर्षको पुष मसान्त सम्मका लागि मात्र सूचिकृत भएको मानिनेछ।

३क. **गन्तव्य मुलुक विशेषका लागि छुट्टै प्रकृया तोकी निवेदनपत्र माग गर्न सकिने :** नियमावलीको नियम ४५ख. बमोजिम संस्था छनौट गर्दा नेपाल सरकार र गन्तव्य मुलुकबिच भएको सम्झौतामा उल्लेख भए वमोजिम स्वास्थ्य संस्था छनौट गर्दा मन्त्रालयले छुट्टै प्रकृया तोकी निर्णय गर्न यस कार्यविधिमा भएको व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

*४. **नवीकरण सम्बन्धी व्यवस्था :** (१) स्वास्थ्य संस्थाले सूचीकरण नवीकरण भएको मितिदेखि तेश्रो वर्षको पौष एक गतेदेखि पौष मसान्तसम्म सूचीकरण नवीकरणको लागि सचिवालयमा निवेदन दिन सक्नेछ। विशेष कारण परी सो समय भित्र निवेदन दिन नसकेमा सोको कारण खुलाई स्वास्थ्य संस्थाले थप पन्ध्र दिनभित्र सूचीकरण नवीकरणको लागि निवेदन दिन सक्नेछ।

---

* चौथो संशोधनद्वारा संशोधित।

तर, प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र उपदफा (२) बमोजिमको कागजात पेश गरि विवरण अध्यावधिक गराउनु पर्नेछ र कुनै एक आर्थिक वर्ष विवरण अध्यावधिक गराउन छुटेमा विशेषज्ञ समितिको सिफारिसमा मन्त्रालयले उक्त स्वास्थ्य संस्थाको सूचीकरण नवीकरण खारेज गर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिदा देहाय बमोजिमको कागजात र विवरण पेश गर्नु पर्नेछः-

(क) सूचीकरण प्रमाणपत्रको प्रतिलिपि,
(ख) अघिल्लो नवीकरण भएको भए सो प्रमाणपत्रको प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,
(ङ) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(च) नाम वा ठेगाना परिवर्तन गरेको भए सम्बन्धित निकायबाट सो को स्वीकृति प्राप्त गरेको पत्रको प्रतिलिपि।

•(३) उपदफा (१) बमोजिम नवीकरणका लागि निवेदन दिँदा सूचीकरण नवीकरण दस्तुर बापत प्रत्येक आर्थिक वर्षको रु पाँच हजारको दरले जम्मा रु. पन्ध्र हजार र सोही उपदफा बमोजिम थप समयभित्र निवेदन दिँदा सूचीकरण नवीकरण दस्तुरमा विलम्ब शुल्क बापत रु. तीस हजार थप गरी कुल रु. पैतालिस हजार वैदेशिक रोजगार कल्याणकारी कोषको खातामा जम्मा गरेको भौचर र उपदफा (२) बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम परेका निवेदन उपर मन्त्रालयले आवश्यक छानविन गरी निवेदन दिएको एक महिना भित्र सूचीकरण नवीकरण गरी अनुसूची -३ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकरण नवीकरण भएका र छानविनबाट नवीकरण सूचीकरण हुन नसकेका स्वास्थ्य संस्थाको नामावली सहितको विवरण सार्वजनिकीकरण गरिने छ।

(६) उपदफा (५) बमोजिम सूचीकरण नवीकरण नभएका स्वास्थ्य संस्थाहरुको सूचीकरणलाई विशेषज्ञ समितिको सिफारिसमा मन्त्रालयले खारेज गर्नेछ।

(७) सूचीकरण खारेज गर्नु भन्दा अगावै सात दिनको समय दिई सफाइको मौका प्रदान गरिनेछ। उक्त सफाई सन्तोषजनक भएमा सूचीकरण खारेज नगरी नवीकरणको लागि सात दिनको समय दिई यस कार्यविधि बमोजिम नवीकरण गरी सम्बन्धित निकाय तथा स्वास्थ्य संस्थालाई जानकारी दिइनेछ।

(८) यस दफा बमोजिम तोकिएको समयभित्र सूचीकरण नवीकरण हुन नसकेको स्वास्थ्य संस्थालाई कारण सहितको जानकारी दिनु पर्नेछ र उक्त स्वास्थ्य संस्थाको धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गर्नेछ।

---

• पाँचौ संशोधनद्वारा संशोधित।

(९) यस कार्यविधि बमोजिम धरौटी रकम जम्मा गरेका स्वास्थ्य संस्थाले तोकिएको समयमा सूचीकरण नवीकरण गर्न नचाहेमा वा नगरेमा त्यस्ता स्वास्थ्य संस्थाले जम्मा गरेको रकम मन्त्रालयले प्रचलित कानून बमोजिम फिर्ता गर्नेछ।

=५. ........................

## परिच्छेद- ३

## अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था

६. **अनुगमन तथा निरीक्षण** : (१) ऐन, नियमावली र यस कार्यविधि बमोजिम सूचिकृत एवं नवीकरण भएका स्वास्थ्य संस्थाको मन्त्रालय वा विशेषज्ञ समितिले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

•(१क) स्वास्थ्य परीक्षण प्रतिवेदनलाई वास्तविक बनाउनको लागि सफ्टवेयर प्रणालीको विकास गरी सूचीकृत स्वास्थ्य संस्थाहरुमा अनिवार्य लागु गरिनेछ।

(२) अनुगमन तथा निरीक्षण गर्दा यस कार्यविधिमा उल्लेखित कागजात र विवरण, विधि र प्रकृया तथा अनुसूची-१ को मापदण्ड अनुरुप भए नभएको, वैदेशिक रोजगारमा गएका कामदारको स्वास्थ्य परीक्षण गरेको विवरणको अभिलेख दुरुस्त भए नभएको तथा संलग्न जनशक्ति उपस्थित रहे नरहेको समेत अन्य सम्बन्धित विषयमा अनुगमन तथा निरीक्षण गरिनेछ।

(३) अनुगमन तथा निरीक्षण गर्न खटी आउने टोलीलाई सम्बन्धित स्वास्थ्य संस्थाले आवश्यक कागजात तथा विवरण उपलब्ध गराउनुका अतिरिक्त अन्य आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) अनुगमन तथा निरीक्षण गर्न बाधा व्यधान गरेमा त्यस्तो कार्यमा संलग्न स्वास्थ्य संस्थालाई अनुगमन तथा निरीक्षण टोलिको प्रतिवेदनका आधार र विशेषज्ञ समितिको सिफारिसमा मन्त्रालयले सूचीकरणबाट हटाउन सक्नेछ।

(५) अनुगमन तथा निरीक्षण गर्दा उपदफा (२) मा उल्लेखित अवस्था नभए नरहेको पाइएमा विशेषज्ञ समितिको सिफारिसमा त्यस्तो स्वास्थ्य संस्थालाई मन्त्रालयले सूचीकरणबाट हटाउन सक्नेछ।

(६) ........................................................................................................

(७) उपदफा (६) बमोजिम पेश भएको स्पष्टिकरण सन्तोषजनक नभएमा सो स्वास्थ्य संस्थाको सुचिकरण विशेषज्ञ समितिको सिफारिसमा मन्त्रालयले हटाउनेछ।

(८) अनुगमन तथा निरीक्षण गर्दा उपदफा (२) मा उल्लेखित अवस्थामा तात्विक फरक नपर्ने कमी कमजोरी पाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई वैदेशिक रोजगारमा जाने नेपाली कामदारको स्वास्थ्य परिक्षण गर्न रोक लगाई कमी कमजोरी सुधार गर्न विशेषज्ञ समितिको सिफारिशमा मन्त्रालयले मनासीब समय दिन सक्नेछ र कमजोरी सुधार गरेमा कामकारवाही गर्न फुकुवा गर्न सक्नेछ।

---

=चौथो संशोधनद्वारा झिकिएको।

•छैटौं संशोधनद्वारा थप।

## परिच्छेद-४

## ठाउँसारी, स्वामित्व र नाम परिवर्तन सम्बन्धी व्यवस्था

७. **ठाउँसारीको जानकारी गराई अनुगमन गराउनु पर्ने** : (१) स्वास्थ्य संस्थाले एक ठाउँबाट अर्को ठाउँमा ठाउँसारी गर्नु परेमा सम्बन्धित निकायबाट स्वीकृति लिई ठाउँसारी गरेको सात दिनभित्र सचिवालयलाई जानकारी गराई ठाउँसारीको स्वीकृति पत्रसहित अनुगमनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि विशेषज्ञ समितिले ठाउँसारी गरेको स्वास्थ्य सस्थाको अनुसूचि-१ बमोजिमको मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

८. **स्वामित्व परिवर्तनको जानकारी गराउनु पर्ने** : स्वास्थ्य संस्थाको सञ्चालक र शेयरधनी परिवर्तन गरेमा सात दिनभित्र सो परिवर्तनको विवरण सहितको जानकारी सचिवालयमा दिनु पर्नेछ।

९. **नाम परिवर्तनको जानकारी गराउनु पर्ने** : स्वास्थ्य संस्थाले आफ्नो नाम परिवर्तन गराएमा नाम परिवर्तन गरेको प्रमाणपत्र सहित सचिवालयमा जानकारी गराउनु पर्नेछ।

१०. **सूचीकरण खारेज गर्न सक्ने** : दफा ७, ८ र ९ बमोजिम नगरेको पाइएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थाको सूचीकरण विशेषज्ञ समितिको सिफारिमा खारेज गर्न सक्नेछ।

## परिच्छेद- ५

## विशेषज्ञ समिति सम्बन्धी व्यवस्था

११. **उजुरी उपरको छानबिन** : (१) विशेषज्ञ समितिको बैठक [♦]आवश्यक्ता अनुसार बस्नेछ।

(२) नियमावलीको नियम ४६ख. बमोजिम वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च भराई पाउनको लागि परेको निवेदन माथि छानविन गर्न सचिवालयले विशेषज्ञ समितिको बैठकमा पेश गर्नेछ।

(३) विशेषज्ञ समितिले आफै वा विशेषज्ञको उपसमितिबाट आवश्यक छानबिन गरी ऐनको दफा ७२ को उपदफा (२) बमोजिम वैदेशिक रोजगारमा गएको व्यक्तिलाई जानी जानी वा लापरबाहीपूर्वक वा बदनियतसाथ गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको हो होइन भन्ने सम्बन्धमा निवेदन परेको मितिले दश दिनभित्र निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिम विशेषज्ञ समितिले वैदेशिक रोजगारमा गएको व्यक्तिलाई विदेश जाँदा र फिर्ता हुँदा लागेको खर्च भराई दिने निर्णय गरेमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र सो खर्च सम्बन्धित स्वास्थ्य परीक्षण प्रतिवेदन जारी गर्ने संस्थाबाट भराई दिन लेखी पठाउने छ।

---

[♦] सातौं संशोधनद्वारा संशोधित।

(५) उपदफा (४) बमोजिम लेखी आएकोमा सम्बन्धित स्वास्थ्य संस्थाले सात दिन भित्र उक्त रकम भराई नदिएमा विशेषज्ञ समितिको सिफारिसमा सो संस्थाको सुचिकरण हटाई आवश्यक कानुनी कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ।

## +परिच्छेद- ५क

## व्यवस्थापन सम्बन्धी मापदण्ड

**११क. सोधपुछ तथा गुनासो सुनुवाई** : (१) सेवाग्राहीलाई सुविधाको लागि स्वास्थ्य संस्थामा कर्मचारी सहितको सोधपुछ कक्ष हुनु पर्नेछ।

(२) स्वास्थ्य संस्थामा सेवाग्राहीहरुको गुनासो सुन्ने अधिकारीको व्यवस्था हुनु पर्ने।

(३) स्वास्थ्य संस्थामा सबैले देख्ने ठाउँमा गुनासो पेटीका हुनु पर्ने।

(४) स्वास्थ्य संस्थामा नागरिक वडापत्र सबैले देख्ने गरी राख्नु पर्ने।

(५) स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीहरुलाई तोकिएको पोशाक र परिचय पत्र को व्यवस्था गरेको हुनु पर्ने।

(६) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्ने।

**११ख. भौतिक संरचना र अन्य व्यवस्था** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाहरुले भौतिक संरचना र अन्य व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कर्मचारी तथा सेवाग्राहीलाई सफा पिउने र अन्य प्रयोजनको लागी चौवीसै घण्टा पानीको व्यवस्था हुनु पर्ने,

(ख) चौवीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ र निरन्तर विद्युत आपूर्तिको लागि व्याक-अप सिस्टमको समेत व्यवस्था गरेको हुनु पर्ने,

(ग) सेवाग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको सफा शौचालयको व्यवस्था हुनु पर्ने,

(घ) आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीहरुको लागि दुईपाङ्ग्रे तथा चारपांग्रे सवारी साधन निःशुल्क पार्किङ्गको व्यवस्था हुनु पर्ने,

(ङ) स्वास्थ्य परीक्षणको लागि आवश्यक उपकरण सहित छुट्टै कोठाको व्यवस्था हुनु पर्ने,

(च) स्वास्थ्य संस्था नियमित रुपमा सञ्चालन भएको हुनु पर्ने,

(छ) स्वास्थ्य संस्थाले नियमित रुपमा HMIS मा रिपोर्टिङ्ग गरेको हुनु पर्ने,

(ज) स्वास्थ्य संस्थाले आफुले गरेको कामको विवरण कम्तीमा पाँच वर्षसम्म राख्नु पर्ने,

(झ) स्वास्थ्य संस्थाको प्रयोगशालाको क्षेत्रफल कम्तीमा चार सय स्क्वायर फिटको हुनु पर्ने।

•(ञ) मनोवैज्ञानिक परामर्शको आवश्यक भएको कामदारलाई मनोसामाजिक परामर्शकर्तालाई सिफारिस गरी पठाउनु पर्ने।

---

+ तेस्रो संशोधनद्वारा थप।

• छैटौं संशोधनद्वारा थप।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

**११ग. <u>फोहोर मैला व्यवस्थापनः</u>** स्वास्थ्य संस्थाको हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ र स्वास्थ्य संस्थाको स्वास्थ्यजन्य "फोहोरमैला व्यवस्थापन निर्देशिका, २०७७" अनुसार विसर्जन गर्नु पर्नेछ।

**११घ. <u>अग्नि नियन्त्रण व्यवस्थापन</u>** : स्वाथ्य संस्थाको सबै सेवा प्रदान गर्ने स्थानहरुमा पर्याप्त मात्रामा अग्नि नियन्त्रण उपकरणहरुको व्यवस्थापन भएको हुनु पर्नेछ र अग्नि नियन्त्रण उपकरणहरुको सञ्चालन सम्बन्धी तालिम सबै कर्मचारीहरुलाई दिएको हुनु पर्नेछ।

**११ङ. <u>मर्मत संभार</u>** : (१) स्वास्थ्य संस्थाको प्रयोगमा रहेका प्रमुख उपकरणहरुको वार्षिक मर्मत सम्झौता (ए.एम.सि.) भएको हुनु पर्नेछ।

(२) सबै उपकरणहरु चालु अवस्थामा रहेको हुनु पर्नेछ।

**११च. <u>रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्ड</u>** : रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्ड अनुसूची -४ बमोजिम हुनेछ।

[♦]**११छ. <u>स्वास्थ्य परीक्षण गरिने परीक्षणहरुको सूची सम्बन्धी व्यवस्थाः</u>** वैदेशिक रोजगारमा जाने कामदारको स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट देहाय बमोजिमको परीक्षणहरु गर्नुपर्नेछः-

1. Detailed history and physical examination with self-disclosure/disclaimer as per the doctor's recommendation according to the requirement by destination country.
    a. Past medical history:
        i. Diabetes mellitus
        ii. Hypertension
        iii. Pulmonary Tuberculosis
        iv. Heart Diseases
        v. Kidney Diseases
        vi. Respiratory Diseases
        vii. Peptic Ulcer Diseases
        viii. Epilepsy
        ix. Cancer/ Malignancy
    b. Surgical History:
    c. Drug History:
    d. Socio-cultural History:
    e. Family history:
2. Compulsory Laboratory Tests for all Destination Countries:
    a. HB %, TLC, DLC, Platelets, ESR
    (If chest x-ray and Mantoux test positive, conduct Sputum AFB & Gene Expert , and then refer to the National TB program)
    b. Tuberculosis Work Up:
        i. Chest X-ray PA View
        ii. Mantoux Test
    c. Renal Function Test:

---

♦ सातौं संशोधनद्वारा संशोधित।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

        i. Serum Urea
        ii. Serum Creatinine
    d. Serum Electrolytes:
        i. Sodium
        ii. Potassium
    e. Liver Function Test:
        i. AST/ SGOT
        ii. ALT/ SGPT
        iii. Total Serum Bilirubin
        iv. Direct Bilirubin
    f. HIV I and II:
    g. Anti-HCV:
    h. HbSAg:
    i. TPHA/ VDRL:
    j. Random Blood Sugar:
    k. HbA1C:
    l. ECG:
    m. USG of Abdomen and Pelvis:
    n. Blood Grouping: ABO/ Rh
    o. Urinalysis/ Urine RE/ME:
    p. Malarial Parasite:
    q. Filariasis:
    r. Lipid Profile Test for candidates above age 35 years or if clinically observed.
    s. Thyroid Function Test: T3, T4, TSH

3. Destination Country wise Required Tests:
Medical tests for GCC, Saudi Arabia, Malaysia, UAE and European countries will be conducted as per the specific requirements of each destination countries. The accredited medical centers will carry out all the required tests and procedures. Charges will be applicable as per the rates fixed by the only the Government of Nepal.
(Urine for cannabis, Opiates, Metamphetamine and Coccaine for Malaysia only however mandatory for the Pilot for all the countries)

4. Occupational Diseases and Respective Tests for those diseases: As per the recommendation of physician/doctor only.
    a. Respiratory Diseases:
        i. Occupational Asthma
        ii. Emphysema
    b. Skin Diseases:
        i. Occupational Dermatitis
        ii. Contact Dermatitis
    c. Masculoskeletal Disorders:
        i. Carpal Tunnel Syndrome
        ii. Tendonitis or Tenosynovitis
    d. Infectious Diseases:
        i. Hepatitis B and C
        ii. Tuberculosis
        iii. HIV/ AIDS
    e. Other Occupational Diseases:

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

5. Risk Age Group Wise Diseases: As per the recommendation of physician/doctor only.
   a. Arthritis
   b. Diabetes
   c. Heart Diseases
   d. Cancer
6. Pregnancy Tests for Reproductive Age Group- Female:
7. As per the occupational risk or based on the recommendation of physician/doctor,
   a. PFT
   b. Audiogram
   c. EEG
   d. Urine for cannabis, Opiates, Metamphetamine and Coccaine as per doctor's recommendation.
8. Apart from those listed above based on the history, clinical findings and recommendations of the examining physician, further tests may be required which can be done on basis of the need and outsourcing as applicable).

## परिच्छेद -६
## <u>विविध</u>

१२. **<u>सूचीकरणबाट हटाइने र कानूनी कारवाहीका लागि लेखि पठाउने</u>**: देहायको अवस्थामा स्वास्थ्य संस्थालाई सूचीकरणबाट हटाई त्यसका सञ्चालक, कर्मचारी र अन्य सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई प्रचलित कानुन बमोजिम कानुनी कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाइनेछः-

(क) वैदेशिक रोजगारमा जाने नेपाली कामदार स्वास्थ्य संस्थामा उपस्थित नभई स्वास्थ्य परीक्षणको प्रतिवेदन बनाएको पाइएमा,

(ख) वैदेशिक रोजगारमा जाने कामदारको तोकिए बमोजिमका सबै विषयमा स्वास्थ्य परीक्षण नगरेको पाइएमा,

(ग) प्रत्येक दिनको स्वास्थ्य परीक्षण प्रतिवेदनको विवरण वैदेशिक रोजगार विभाग र मन्त्रालयको अनलाईन सिस्टममा नपठाएको पाइएमा,

(घ) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण प्रतिवेदन र अन्य अभिलेख एकवर्ष सम्म सुरक्षित नराखेको पाइएमा,

(ङ) स्वास्थ्य परीक्षण गरेको चौमासिक प्रतिवेदन सचिवालयमा पेश नगरेको पाइएमा,

**<u>स्पष्टिकरणः</u>** खण्ड (ग), (घ) र (ङ) एक महिना पश्चात लागू हुनेछ।

१३. **<u>स्पष्टिकरणको मौका दिइनु पर्नेः</u>** यस कार्यविधिको ठाउँ ठाउँमा उल्लेख भए अनुसार स्वास्थ्य संस्थालाई सूचीकरणबाट हटाउँदा वा खारेज गर्दा सो गर्नु अघि हटाउनु वा खारेज गर्नु नपर्ने कुनै कारण भए सोको स्पष्टिकरण दिन सम्वन्धित स्वास्थ्य संस्थालाई सात दिन समय दिइनेछ।

१४. **<u>बैठक र अनुगमन निरीक्षण भत्ता</u>**: विशेषज्ञ समितिको बैठक भत्ता र स्वास्थ्य संस्था अनुगमन निरीक्षण गर्न जाने अनुगमन टोलीको भत्ता नियमानुसार हुनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

१५. **<u>मापदण्डको संशोधन</u>**: विशेषज्ञ समितिले अनुसूची -१ बमोजिमको मापदण्ड आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

१६. **<u>बाधा अडकाउ फुकाउने</u>:** यो कार्यविधि कार्यान्वयनमा द्विबिधा वा अस्पष्ट हुन गएमा बाधा अडकाउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

१७. **<u>निर्देशन दिन सक्ने</u>:** स्वास्थ्य संस्थाहरुको अनुगमन तथा निरीक्षण वा यस कार्यविधिका अन्य जुनसुकै विषयमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

+१७क. **<u>अनुसूचीमा थपघट वा हेरफेरः</u>** मन्त्रालयले आवश्यक्तानुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

१८. **<u>बचाउ</u>** : (१) यस कार्यविधिमा भएको व्यवस्था ऐन तथा नियमावलीमा बाझिन गएमा ऐन तथा नियमावली बमोजिम हुनेछ। यस कार्यविधिमा भएको व्यवस्थाका सम्बन्धमा यसै बमोजिम हुनेछ।

(२) मन्त्रालयबाट यस अघि भएका स्वास्थ्य संस्था सूचीकरण, नवीरकण र अनुगमन निरीक्षण सम्बन्धी कामकारवाही यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

---

+तेस्रो संशोधनद्वारा थप।

♦अनुसूची-१

(दफा ३ को उपदफा (४) को खण्ड (ट), उपदफा (५) र दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## विशेषज्ञ समितिको सचिवालय

**वैदशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न सूचिकृत स्वास्थ्य संस्थाको अनुगमन निरीक्षण फाराम**

अनुगमन गरिने संस्थाको नाम र ठेगानाः

अनुगमन मितिः

संस्थाको सञ्चालक/प्रमुखको नामः

संस्थाको रजिष्ट्रेशन नं.:

फोन नं./मोवाइल नंः.

मन्त्रालयमा दर्ता गराएको निवेदन दर्ता नंः मिति :

| | क्र. सं. | विवरण | परिणाम | भए/नभएको | सञ्चालनमा रहे/नरहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| A. | •Radiology Department | | | | | |
| | 1. | X-ray Machine (500 MA with computerized Radiography/ Digital Radiography | 1 | | | |
| | 2. | safety Management for x-ray radiation | 1 | | | |
| | 3. | X-ray reporting room, sufficient waiting room | | | | |
| | ♠4. | Ultrasound Machine With color Doppler For USG Abdomen/Pelvis | 1 | | | |
| B. | Pathology Department | | | | | |
| | Name list of Pathology Equipment | | | | | |
| | 1. | Microscope | 1 set | | | |
| | ϕ2. | Fully Automatic Elisa/ Chemiluminescence immunoassay (CLIA) | 1 Set | | | |
| | 3. | Biochemistry Analyzer: Fully Automatic | 1 Set | | | |
| | 4. | Hematology Analyzer: Fully Automatic | 1 Set | | | |
| | 5. | Na+/K+ Machine | 1 Set | | | |

---

♦ तेस्रो संशोधनद्वारा संशोधित।

• छैटौं संशोधनद्वारा संशोधित।

♠ छैटौं संशोधनद्वारा थप।

ϕ सातौं संशोधनद्वारा संशोधित।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ϕ6. | Urine Analyzer/ other methods | 1 Set | | | |
| | 7. | Incubator | 1 Set | | | |
| | 8. | Digital Balance | 1 Set | | | |
| | 9. | Centrifuge | 1 Set | | | |
| | 10. | Hot Air Oven | 1 Set | | | |
| | 11. | Autoclave | 1 Set | | | |
| | 12. | Refrigerator | 1 Set | | | |
| | 13. | Water Bath | 1 Set | | | |
| | 14. | Computer with Printer | 1 Set | | | |
| | 15. | Micropipettes (Variable) | 6 Piece | | | |
| | 16. | Micropipettes (Fixed) | 6 Piece | | | |
| | •17. | HPLC Analyzer | 1 Set | | | |
| | ↔18. | VDRL Shaker | | | | |
| ϕC. | Chemicals and Reagents | | | | | |
| | Name list of test and chemicals and reagents for | | | | | |
| | 1. | HBsAg ELISA/CLIA | | | | |
| | 2. | HIV ELISA/ CLIA | | | | |
| | 3. | HCV ELISA/CLIA | | | | |
| | 4. | Malaria (PBS/ Kit) | | | | |
| | 5. | Pregnancy Test Kit | | | | |
| | 6. | Blood grouping | | | | |
| | 7. | Blood Glucose | | | | |
| | 8. | Kidney Function Test (KFT) | | | | |
| | 9. | Liver Function Test (LFT) | | | | |
| | 10. | TPHA | | | | |
| | 11. | CBC | | | | |
| | 12. | HbA1C | | | | |
| | 13. | Other necessary chemicals, reagents, calibrator, control and other consumables. | | | | |
| | 14. | ………………… | | | | |
| ϕD. | Human Resource Management | | | | | |
| | Name list of Staffs | | | | | |
| | 1. | Radiologist (Full Time/ Part Time) | 1 | | | |
| | 2. | Pathologist (Full Time/ Part Time) | 1 | | | |
| | 3. | Medical Lab Technician (Full Time) | 1 | | | |
| | 4. | Medical Lab Technologist (Full Time) | 1 | | | |
| | 5. | MBBS (Full Time/ part time) | 1 | | | |

• छैटौं संशोधनद्वारा संशोधित।
↔ सातौं संशोधनद्वारा थप।
ϕ सातौं संशोधनद्वारा संशोधित।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 6. | MDGP (Full Time/ Part Time)/ MD Internal Medicine (Full Time/ Part Time) | 1 | | | |
| | 7. | Radiographer | 1 | | | |
| | 8. | Administrator | 1 | | | |
| | 9. | Accountant | 1 | | | |
| | 10. | Receptionist | 1 | | | |
| | 11. | Computer Operator/ biometric Operator | 1 | | | |
| | 12. | Medical Record Keeper | 1 | | | |
| | 13. | Office Assistant | 1 | | | |
| | 14. | Helper/Cleaner | 1 | | | |
| E. | Infrastructure and Physical Facility | | | | | |
| | 1. | Lobby and sufficient waiting place | | | | |
| | 2. | Documentation and Record Keeping | | | | |
| | 3. | Service Desk | | | | |
| | 4. | Doctors examination room with necessary equipment | | | | |
| | 5. | Separate room for collecting blood sample | | | | |
| | 6. | Administrative room with appropriate furniture | | | | |
| | 7. | Generator 15 kva / Online UPS | | | | |
| | ♠8. | Personal identification Technology | | | | |
| ◊F. | Physical Examination Room | | | | | |
| | 1. | ECG | 1 | | | |
| | 2. | Snell Test Chart | 1 | | | |
| | 3. | BP Set | 1 | | | |
| | 4. | Tongue Depressor | 1 | | | |
| | 5. | Stethoscope | 1 | | | |
| | 6. | Diagnostic Set Including Otoscope/ Opthalmoscope | 1 | | | |
| | 7. | Thermometer | 1 | | | |
| | 8. | Height/Weight Measurement | 1 | | | |
| | 9. | X-ray View Box | 1 | | | |
| | 10. | Measuring Tape | 1 | | | |
| | 11. | Medical Hammer | 1 | | | |
| | 12. | ……………………… | | | | |
| | 13. | ……………………… | | | | |

- ↔PFT, EEG, Audiogram or other applicable tests outsourcing as per the requirement.

---

♠ छैटौं संशोधनद्वारा थप।

◊ सातौं संशोधनद्वारा संशोधित।

↔ सातौं संशोधनद्वारा थप।

नेपाल सरकार
तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रयोगशालामा अनिवार्यरुपमा देहाय बमोजिमको अद्यावधिक अभिलेख दुरुस्त राखुपर्नेछः-**

- परीक्षण सम्बन्धी SOP,
- Internal Quality Control Assessment (IQA) को अभिलेख,
- External Quality Control Assessment (EQA) को अभिलेख,
- Reagent खरिद गरेको अभिलेख,
- रेफ्रिजिरेटरको दैनिक तापक्रम मापन गरेको अभिलेख,
- मेसिनरी औजार मर्मत सम्भार गरेको अभिलेख,
- ↔मेसिनरी औजार खरिद गरेको अभिलेख,
- ↔मेसिनरी औजार संस्थाको स्वामित्वमा रहेको प्रमाण,
- ↔वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गरिएको अभिलेख रिपोर्ट ।

(G) सरसफाई, लेआउट, अभिलेखको व्यवस्थापन र अनिवार्य कानूनी प्रक्रियाको अवलम्बन सम्बन्धमाः

१. वैदेशिक रोजगारमा गएको कामदारको स्वास्थ्य परीक्षण गरेको विवरणको अभिलेख,

२. लेखा सम्बन्धी अभिलेख दुरुस्त भए/नभएको,

३. स्वास्थ्य संस्थाको ठाउँसारी सम्बन्धित निकायबाट स्वीकृति लिई ठाउँसारी गरेकोमा।

♠(H) स्वास्थ्य परीक्षण अभिलेख सम्बन्धमाः

♦(क) महिला श्रमिकको पाठेघरको मुखको क्यान्सर रोकथाम सम्बन्धी निर्देशिका, २०७९ अनुसार Screening गरेको विवरणको अभिलेख प्रतिवेदन अनिवार्य रुपमा राखुपर्नेछ ।

अनुगमन निरीक्षण टोलीको विवरणः

| क्र. सं. | नामः | हस्ताक्षरः |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

सम्बन्धित स्वास्थ्य संस्थाको प्रतिनिधिः

नामः

दस्तखतः

मितिः

↔सातौं संशोधनद्वारा थप।

♠ छैटौं संशोधनद्वारा थप।

♦सातौं संशोधनद्वारा संशोधित।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -२

(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

सूचीकरण पत्रको नमूना

मितिः २०.........................

**विषय : सूचीकरण गरिएको सम्बन्धमा।**

श्री.........................

............................।

प्रस्तुत विषयमा त्यस संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारहरुको स्वास्थ्य परिक्षण गर्न सूचीकरणको लागि आवेदन गरेको सम्बन्धमा कारवाही हुँदा वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को अनुसूची -१ बमोजिमको मापदण्डले तोकेको शर्त पुरा गरेकोले वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षण गर्ने प्रयोजनको लागि सूचीकरण गरिएको व्यहोरा मिति २०............... को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार जानकारी गराईन्छ।

......................

......................

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

*अनुसूची -३
(दफा ४ को उपदफा (४) संग सम्बन्धित)

नेपाल सरकार
**Government of Nepal**
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**Ministry Of Labor, Employment and Social Security**
कानून तथा फैसला कार्यान्वयन शाखा
**Law and Decision Enforcement Section**

## नवीकरण प्रमाणपत्र
## Renewal Certificate

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ४ को उपदफा (४) बमोजिम सूचीकरण नवीकरण गरिएको छ।
According to sub-section (4) of section 4, Procedure of listing, renewal and monitoring of health institutions, 2072, that examine the health of workers going to foreign employment, the listing has been renewed.

**स्वास्थ्य संस्थाको नाम (Name of Health Institution) :**

**ठेगाना (Address) :**

**नवीकरण मिति (Renewal Date) :** **कायम रहने मिति (Valid Date) :**

यो सूचीकरण नवीकरण उल्लेख गरिएको मितिसम्म कायम रहनेछ, तोकिएको शर्तहरु पालना गरेको नपाइएमा प्रचलित कानून बमोजिम जुनसुकै समय खारेज गर्न सकिनेछ।
This listing will remain valid until the date mentioned, if the specified conditions are not followed, it can be canceled at any time according to the prevailing law.

**नवीकरण गर्ने अधिकारीको (Renewing Officer)**
**दस्तखत (Signature):**
**नाम (Name):**
**पद (Designation):**
**मिति (Date):**

* चौथो संशोधनद्वारा संशोधित।

+अनुसूची-४

(दफा ११च. सँग सम्बन्धित अनुसूची)

**रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्ड**

१. कोठाको क्षेत्रफल कम्तीमा ४५० से.मि. x ४०० से. मि . र उचाइ कम्तीमा २५० से .मि . हुनुपर्छ।

२. नियन्त्रण गर्ने कोठा एक्स रे कोठाभन्दा अलग हुनुपर्छ र आकार कम्तीमा १५५ से. मि. x १२० से. मि. हुनुपर्छ।

३. प्रोसेसिङ्ग कोठा अलग हुनुपर्छ।

४. प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग हुनुपर्छ।

५. देहाय बमोजिमको व्यवस्था सहित भित्ताबाट विकिरण नचुहिने (no leakage) हुनुपर्छः-

(क) २ मिमी बाक्लो (सिसा) (Lead) ढोका तथा झयाल,

(ख) ०.२ मिमी बाक्लो (सिसा) (Lead) र २५ से.मि ईटाको भित्ता,

(ग) २५ से.मि. ईटाको तथा सिमेंटको भित्ता,

(घ) १५ से.मि. कंक्रिट भित्ता हुनुपर्छ,

(ङ) सकेसम्म झ्याल नभयको कोठा, कोठाको ventillation जमिनबाट १८० से.मि. माथि हुनुपर्छ र ढोका आफै बन्द हुने हुनुपर्छ।

६. कम्तीमा एउटा ०.२ मि. मी बाक्लो लिड एप्रोन अथवा लिड एप्रोन बराबरको विकिरणबाट सुरक्षा दिने सामग्री हुनुपर्छ।

७. कम्तीमा ०.२ मि. मी बाक्लो लिडको चस्मा (lead glass), लिडको पञ्जा (lead gloves), घाटिको ढाल (thyroid shield) र गोनाड ढाल (gonard shield) उपलब्ध हुनुपर्छ।

८. विकिरणको क्षेत्रमा काम गर्ने प्रविधिक कर्मचारीलाई व्यक्तिगत विकिरण निगरानी उपकरण (personal radiation dose monitor) प्रदान गरिनुपर्छ र तिनीहरूको जाँच वढीमा ३ महिनामा गरिनुपर्छ।

९. विकिरणका क्षेत्रमा काम गर्ने कर्मचारीहरूको लागि बिकिरणको डोजको सीमा (dose limit) International Commission on Radiological Protection (ICRP) ले तोकेको मापदण्ड अनुसार वर्षको २० मिली सिवर्ट (20mSv/year) या पाँच वर्षको औसत १०० मिली सिवर्ट (100 mSv) को सीमा भित्र हुनुपर्छ। यदि त्यो सीमादेखि अधिक भएमा काम गराउने संस्थाले उक्त कर्मचारीलाई बिकिरण मुक्त छेत्रमा काम गर्ने प्रबन्ध गर्नुपर्छ।

---

+तेस्रो संशोधनद्वारा थप।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. एक्स रे कोठाको वरिपरी विकिरण सर्वेक्षण ( Radiation Survey ) आवधिक रुपमा मेडिकल फिजिसिस्ट वा विकिरण संरक्षण अधिकारीबाट गराउनु पर्नेछ । सेवा सुरु हुनु भन्दा पहिले, भूकम्प गएमा वा एक्स-रे को tube मर्मत वा परिवर्तन गरेमा वा बढीमा ३ वर्षमा र विकिरण सीमा भित्र रहेको हुनुपर्छ।

११. बिरामीका लागि प्रयोग हुनुभन्दा पहिले अनिवार्य रूपमा एक्स-रे उपकरणहरूको स्वीकृति जाँच (Acceptance Test) र गुणस्तर सुनिश्चितता जाँच (Quality Assurance Test) को स्वीकृति परीक्षण वा कमिशन सम्पन्न गर्नुपर्छ र त्यस्ता उपकरणहरूको गुणस्तर परीक्षण नियमित रूपमा (कम्तीमा २ वर्षमा) मेडिकल फिजिसिस्टबाट गराउनुपर्ने छ। यस कार्यको रेकर्डहरू सुरक्षित रूपमा राख्नुपर्छ।

१२. एक्स-रे को राम्रो Image प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरूको चार्टहरू (Charts of standard exposure parameters) हुनुपर्छ।

१३. Reporting room मा कम्तीमा एउटा view box हुनु पर्छ र Report Type गरि उपलब्ध गराउनु पर्नेछ|

१४. Radiologist and Radiographer को वार्षिक करार सम्झौता गरेको हुनुपर्नेछ।

१५. X-Ray को रिपोर्ट Radiologist बाट मात्र गराउनु पर्दछ।

१६. X - Ray machine कम्तिमा ५०० एम.ए. को हुनुपर्दछ र यो CR/DR को रूपमा सञ्चालित हुनुपर्दछ। CR system मा कम्तीमा १० x १२, १४ x १७ को दुईवटा cassette हुनुपर्दछ।